**विधेयक संख्याः**

# कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७८

कावासोती नगरपालिका

## <u>उद्देश्य र कारण</u>

कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही कर, महशुल, दस्तुर, शुल्क लगाउन र लगाई राखेको कर शुल्कलाई चालु राख्न, हेरफेर गर्न तथा राजश्व प्रशासनलाई थप व्यवस्थित गर्न आवश्यक भएकाले यो विधेयक पेश गर्नुपरेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले संविधान तथा कानुन बमोजिम नगरपालिकाको अधिकार क्षेत्र भित्रको राजश्व, कर, दस्तुरको दर बढाउन, घटाउन, छुट दिन तथा दर निर्धारण गर्नुका साथै समयानुकुल परिमार्जन गर्ने व्यवस्था समेत गर्दछ ।

***द्रस्टव्यः यो विधेयक अर्थ विधेयक हो ।***

# कावासोती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना :** कावासोती नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कावासोती नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि कावासोती नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पति कर :**

(१) नगरपालिका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम घर र घरले चर्चेको जग्गामा अनुसूची १ बमोजिम सम्पत्ती कर लगाइने र असुल उपर गरिने छ।

**स्पष्टीकरण :** "घरले चर्चेको जग्गा" भन्नाले घरको जमिन तलाले ओगटेको जग्गाको बढीमा दोब्बर क्षेत्रफल बराबरको जग्गा भन्ने बुझ्नु पर्दछ।

(२) उपदफा (१) को प्रयोजनको लागि घर र घरले चर्चेको जग्गाको मुल्याङ्कन देहायको आधारमा गरिने छ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनावट र उपयोगको अवस्था।

(ख) घर र घरजग्गाको मूल्य र घरको ह्रास मूल्य नगरपालिकाले निर्धारण गरे बमोजिम।

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा ।

(ख) सरकारी अस्पतालको घरजग्गा ।

(ग) सार्वजनिक गुठीको स्वामित्वमा रहेको घर र घरजग्गा ।

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी तथा सामुदायिक शिक्षण संस्था, कम्पनी, समिति, संघ, संस्था, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा ।

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा ।

(च) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार ।

(छ) गैर नाफा मूलक विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु ।

(ज) राजदुतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

**३. मालपोत तथा भूमिकर :**

(१) कावासोती नगरपालिका भित्रका जग्गाहरुमा  मालपोत कार्यालय कावासोतीले तोके बमोजिमको मालपोत लगाइने र असुल उपर गरिनेछ ।

(२) तर, दफा २ बमोजिम सम्पत्ति कर लगाइने जग्गामा दोहोरो पर्ने गरी भूमीकर लगाउन पाईने छैन । बक्यौता करका हकमा जुन जुन आर्थिक बर्षको बक्यौता बाँकी हो सो बर्षमा मालपोत लागु भएको भए सोही बर्षको दरमा मालपोत र एकिकृत सम्पत्ति कर लागु भएको भए सोही बर्षको आर्थिक ऐनमा उल्लेख भए बमोजिम एकीकृत सम्पत्ति कर असुल उपर गरिने छ ।

**४. घर वहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा बहाल रकमको १० प्रतिशत घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर :**

(१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) प्रचलित कानून बमोजिम अन्य निकायमा दर्ता भई विगत बर्षहरुमा सञ्चालनमा आएका तर नगरपालिकामा व्यवसाय दर्ता नभएका फर्म/व्यवसायहरु चालु आ.व. को असोज मसान्त भित्र दर्ता हुन आएमा विगत बर्षहरुमा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ । तर चालु आर्थिक बर्षको कर पुरै लाग्नेछ । यसरी विगत बर्षको कर गणना गर्दा आर्थिक बर्ष २०७३/७४ लाई सुरुवात बर्षको रुपमा गणना गर्नु पर्नेछ ।

(३) नगरपालिकामा दर्ता भएका तर नवीकरण नगरेका फर्म/व्यवसायहरु चालु आ.व. को असोज मसान्त भित्र नवीकरण गरेमा बिलम्व शुल्क को ५० प्रतिशत छुट हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा गण्डकी प्रदेशको आर्थिक ऐनमा निर्धारण गरेमा सोही बमोजिम वा नगरपालिकाको कार्यविधि अनुसार सवारी साधन कर अनुसुचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**८. विज्ञापन कर :**

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर बार्षिक रुपमा तिर्नुपर्ने भएमा प्रत्येक आर्थिक बर्ष भित्र बुझाइसक्नु पर्नेछ र पटके रुपमा विज्ञापन सामग्री वा स्टल राख्ने भए नगरपालिकाबाट पूर्व स्वीकृति लिई सो स्टल राख्ने अवधिभित्र कर बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कर नबुझाउने करदातालाई सो अवधि नाघेको तीन महिनासम्मका लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधि भित्रपनि कर नबुझाएमा कर रकमको पन्ध्र प्रतिशत ब्याज थप गरी कर असुल गरिनेछ ।

**९. मनोरन्जन कर :**

(१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश अर्थ सम्वन्धि विधेयक स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०.बहाल बिटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ । सार्वजनिक जग्गाको उपभोग गरे बापत तथा सार्वजनिक जग्गामा घरटहरा निर्माण गरेवा पत करदाताले स्वतस्फूर्त कर तिर्न चाहेमा अनुसुची (७) मा नै उल्लेख भएअनुसार कर असुल गर्न सकिनेछ । नगरपालिकालाई त्यस्तो कर बुझाएको आधारमा मात्र कुनै करदाताको कुनैपनि किसिमको स्वामित्व वा हक स्थापित भएको मानिने छैन ।

**११.पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ। निजी पार्किङ व्यवसायहरुले यस ऐन बमोजिम नगरपालिकाको इजाजत पत्र लिनु पर्नेछ।

**१२. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसुचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका पर्यटकीय स्थलहरुमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश अर्थ सम्वन्धि विधेयक स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. फोहोरमैला शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापन कार्य सञ्चालन गरे/गराए बापत अनुसुची (१२) मा उल्लिखित दरमा फोहरमैला शुल्क लगाउनेछ र असुल उपर गर्नेछ।

**१६.सामुदायिक बन उपभोक्ता समुहको स्वीकृत कार्य योजना बमोजिम विक्रि हुने शुल्क :** सामुदायिक बन उपभोक्ता समुहको स्वीकृत कार्य योजना बमोजिम वन पैदावारको विक्रि रकमको १०% रकम असुल गरिनेछ।

**१७.दहत्तर बहत्तर विक्रि शुल्क (सार्वजनिक तथा ऐलानी जग्गा भएको) :** सार्वजनिक तथा ऐलानी जग्गा र नगर क्षेत्रभित्रका खोला किनाराबाट संकलन भएको दहत्तर बहत्तर उत्खनन, संकलन तथा विक्रिमा प्रदेश कानुन बमोजिम कर असुल गरिनेछ। प्रदेश कानुनमा उल्लेख नभएकोमा अनुसुचि १३ बमोजिम शुल्क लगाइनेछ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

**१९. राजश्वको दर घटाउन, बढाउन वा छुट दिन सक्ने :**

(१) यस ऐन वा अन्य नगरपालिकाको अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन र अन्य कानून बमोजिम लगाइने कर, महशुल, शुल्क, दस्तुरको दरहरुमा आंशिक वा पूर्णरुपमा छुट दिन वा बढाउन सक्नेछ। यस्तो कर घटाएको वा छुट दिइएको वा बढाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर छुट वा बढाएको विवरण प्रत्येक बर्ष कार्यपालिकाले नगर सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर छुटको सुविधाको दुरुपयोग गरी कुनै हानी नोक्सानी भएमा त्यसरी छुट दिइएको वा हानी नोक्सानी भएको रकम असुल उपर गरी सोही बराबर रकम जरिवाना गरिनेछ।

**२०. प्रक्रिया सहजीकरण  वा अड्काउ फुकुवा गर्न सक्ने :** नगर कार्यपालिकाले आर्थिक ऐनले प्रदान गरेको सुविधा उपयोग गर्न जटिलता देखिएमा आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ । उल्लेखित बाधा अड्काउ फुकुवा गरेको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

**२१. जरिवाना :**

(१) नगरपालिकाभित्र कुनै पनि व्यक्तिले नगरपालिकाको कानून उल्लङ्घन गरेको पाईएमा कानून बमोजिम जरिवाना तोकिएकोमा सोही बमोजिम र कानूनमा जरिवाना नतोकिएको हकमा नगर कार्यपालिकाले जरिवाना तोकी असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले जरिवाना तोकिएको कुरा स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र त्यसरी सङ्कलन भएको करको विवरण कार्यपालिकाले हरेक बर्ष नगर सभामा पेश गर्नु पर्नेछ।

**२२. अन्य राजश्व :**

(१) नगरपालिका वा नगरपालिकाका मातहतका विभिन्न निकायहरुको कामको प्रकृति अनुसार फरक किसिमको सेवा तथा वस्तुमा शुल्क तथा दस्तुर लगाउँदा नगरपालिकाको कानून बमोजिम लगाइनेछ ।

(२) उपदफा (१) बमोजिमको राजश्वको दर प्रचलित कानूनमा समेत उल्लेख नभएको अवस्थामा नगर कार्यपालिकाबाट त्यस्तो शुल्क तथा दस्तुर निर्धारण गरी लागु गरिनेछ । यसरी निर्धारण भएको राजश्वको दर स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

## अनुसूची - १
## सम्पति करको दर

| सम्पतिको मुल्याङ्कन (रु.) | | करको दर |
|---|---|---|
| देखि | सम्म | |
| १ | १० लाख | एकमुष्ठ रु.१०० |
| १० लाख १ | २० लाख | ०.०१०% |
| २० लाख १ | ५० लाख | ०.०१५% |
| ५० लाख १ | १ करोड | ०.०२०% |
| १ करोड १ | २ करोड | ०.०२५% |
| २ करोड १ | ५ करोड | ०.०३०% |
| ५ करोड १ | १० करोड | ०.०३५% |
| १० करोड १ | २० करोड | ०.०४०% |
| २० करोड १ | ४० करोड | ०.०४५% |
| ४० करोड १ | १ अरब भन्दा माथि | ०.०५०% |

- आ.व. ०७८/०७९ को पौष मसान्त भित्र कर बुझाउने करदातालाई लाग्ने करमा ५ % छुट दिने।

**सम्पत्ति कर प्रयोजनको लागि भौतिक संरचनाको मूल्याङ्कन दररेट :**

| क्र.स. | संरचनाको प्रकार | प्रति वर्ग फिट रु.मा |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर/पिलरमा ढलान | १,५००।०० |
| २ | सिमेन्ट/माटोको जोडाईमा ईटा/ब्लक वा ढुङ्गाको गारो सहित ढलान भएको घर | १,२००।०० |
| ३ | सिमेन्टको/माटोको जोडाईमा पिलर सहित ईटा/ब्लक वा ढुङ्गाको गारो जस्ता/टायल/स्लेट छाना भएको पक्की घर | ३००।०० |
| ४ | माटोको जोडाईमा पिलर बाहेक ईटा वा ढुङ्गाको गारो जस्ता/टायल छाना भएको घर | २००।०० |
| ५ | पक्की खोर तथा गोठ | ७००।०० |
| ६ | फलामबाट बनेको खोर तथा गोठ | ७००।०० |
| ७ | कच्ची खोर तथा गोठ | २००।०० |
| ८ | काठ/बाँसबाट बनेको जस्ता/खर को छाना भएको फुस्को घरको एकमुष्ट रकम | ५०,०००।०० |

**संरचनाको मूल्याङ्कन, आयु र ह्रासकट्टी दरः**

| भौतिक संरचनाको वर्गिकरण/आयु | व्यापारिक क्षेत्र प्रति व.फि.रु. | आवासीय क्षेत्र प्रति व.फि.रु. | कृषि क्षेत्र प्रति व.फि.रु. | भौतिक संरचनाको आयु र ह्रासकट्टी दर प्रतिशतमा | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०-५ | ५-१० | १०-१५ | १५-२० | २०-२५ | २५-३० | ३०-३५ | ३५-४० | ४०-४५ | ४५-५० | ५०-५५ | ५५-६० | ६०-६५ | ६५-७० | ७०-७५ | ७५-८० | ८०-८५ | ८५-९० | ९०-९५ | ९५-१०० |
| पक्की RCC फ्रेम स्ट्रक्चर/७५ | १५०० | १५०० | १५०० | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ | | | | | | |
| सिमेन्ट/माटोको जोडाइमा ईटा/ब्लक वा ढुङ्गाको गारो सहित ढलान/५० | १२०० | १२०० | १२०० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० | | | | | | |
| पिलर सहित जस्ता/टायल/स्लेट को छानो/५० | १००० | १००० | १००० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ | | | | | | |
| पिलर बाहेक जस्ता/टायल/स्लेटको छानो/४० | ७०० | ७०० | ७०० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ | | | | | | |
| पिलर नभएको जस्ताको छानो/४० | ७०० | ७०० | ७०० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ | | | | | | |
| ढुङ्गा माटो जस्ता स्लेट/३० | ७०० | ७०० | ७०० | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० | | | | | | |
| कच्ची खरको छानो/२० | ५०० | ५०० | ५०० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ | | | | | | |

## अनुसुचि – २
## व्यवसाय कर

| सि.नं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्ताविक कर रकम |
|---|---|---|
| १ | **व्यापारीक बस्तू** | |
| १.१.१ | मदिरा उद्योग | १५००००.०० |
| १.१.१.१ | मदिरा डिलर / वितरक (एक भन्दा वढी व्रान्डका डिलर भएमा थप प्रति व्रान्ड २,५००) | ३००००.०० |
| १.१.१.२ | मदिरा थोक पसल | १००००.०० |
| १.१.१.३ | मदिरा खूद्रा बिक्री पसल | ५०००.०० |
| १.१.२ | **सूर्ती जन्य (ध्रुम्रपान) पसल** | |
| १.१.२.१ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल | ५५००.०० |
| १.१.२.२ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | ३५००.०० |
| १.१.२.३ | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | २०००.०० |
| १.१.३ | **हल्का पेय पदार्थ पसल** | |
| १.१.३.१ | हल्का पेय पदार्थको डिलर | १५०००.०० |
| १.१.३.२ | हल्का पेय पदार्थको खूद्रा पसल | ३०००.०० |
| १.१.४ | **सुन चांदी पसल** | |
| १.१.४.१ | सून चांदी पसल श्रेणी क / पूजी १ करोड भन्दा बढी | १००००.०० |
| १.१.४.२ | सून चांदी पसल श्रेणी ख / पूजी ५० लाख देखी बढी १ करोड सम्म | ६५००.०० |
| १.१.४.३ | सून चांदी पसल श्रेणी ग / पूजी २५ लाखदेखि बढी ५० लाख सम्म | ४०००.०० |
| १.१.४.४ | सून चांदी पसल श्रेणी घ / पूजी २५ लाख सम्म | ३०००.०० |
| १.१.५ | **औषधी व्यवसाय** | |
| १.१.५.१ | औषधी सूपर डिलर | ८०००.०० |

| | | |
|---|---|---|
| १.१.५.२ | औषधी तथा मेडिकल सामग्री समेत बिक्रेता | ८०००.०० |
| १.१.५.३ | औषधी थोक बिक्रेता | ६०००.०० |
| १.१.५.४ | औषधी खूद्रा पसल (डाक्टर भएको) | ३०००.०० |
| १.१.५.५ | औषधी खूद्रा पसल (डाक्टर नभएको) | २५००.०० |
| १.१.५.५ | **आयूर्वेदिक औषधी पसल** | |
| १.१.५.५.१ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | ३०००.०० |
| १.१.५.५.२ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी  खूद्रा | १५००.०० |
| १.१.६ | **स्टेशनरी तथा पूस्तक पसल** | |
| १.१.६.१ | स्टेशनरी तथा पूस्तक  डिस्ट्रिव्युटर्स | ७०००.०० |
| १.१.६.२ | स्टेशनरी तथा पूस्तक थोक | ५०००.०० |
| १.१.६.३ | स्टेशनरी तथा पूस्तक खूद्रा | ३०००.०० |
| १.१.६.४ | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ८०००.०० |
| १.१.७ | **डिपार्टमेन्टल पसल** | |
| १.१.७.१ | डिपार्टमेन्टल पसलर सपिङ्ग सेन्टर श्रेणी क (५० लाख भन्दा बढी) | १५०००.०० |
| १.१.७.२ | डिपार्टमेन्टल पसलर सपिङ्ग सेन्टर श्रेणी ख (५० लाख भन्दा कम) | ८०००.०० |
| १.१.८ | **कस्मेटिक पसल** | |
| १.१.८.१ | कस्मेटिक थोक पसल | ३५००.०० |
| १.१.८.२ | कस्मेटिक खुद्रा पसल (व्युटीपार्लर सहित) | २५००.०० |
| १.१.८.३ | कस्मेटिक खुद्रा पसल | १०००.०० |
| १.१.९ | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| १.१.९.१ | मोटर पार्ट सामान विक्री श्रेणी क (सोरुम सहित) | १२०००.०० |
| १.१.९.२ | मोटर पार्ट सामान विक्री श्रेणी ख | ८०००.०० |

| | | |
|---|---|---|
| १.१.९.३ | बोडी विल्डर्स सामान विक्री श्रेणी क (५० लाख भन्दा बढी) | ९०००.०० |
| १.१.९.४ | बोडी विल्डर्स सामान विक्री श्रेणी ख (५० लाख भन्दा कम) | ६०००.०० |
| १.१.१० | **लूब्रिकेसन सेक्सन तर्फ** | |
| १.१.१०.१ | लूब्रिकेसन  डिस्टिव्युटर्स | ३५००.०० |
| १.१.१०.१ | लूब्रिकेसन थोक पसल | ३०००.०० |
| १.१.१०.३ | लूब्रिकेसन खूद्रा पसल | २५००.०० |
| १.१.११ | **प्लाई तथा ग्लास हाउस** | |
| १.१.११.१ | प्लाई तथा ग्लास हाउस थोक पसल | ६०००.०० |
| १.१.११.२ | प्लाई तथा ग्लास हाउस  खुद्रा पसल | ३५००.०० |
| १.१.१२ | **कपडा तथा फेन्सी पसल** | |
| १.१.१२.१ | कपडा,फेन्सी तथा व्याग थोक पसल | ६०००.०० |
| १.१.१२.२ | कपडा,फेन्सी तथा व्याग खूद्रा पसल श्रेणी क (पाच लाख भन्दा बढि) | ३५००.०० |
| १.१.१२.३ | कपडा,फेन्सी तथा व्याग खूद्रा पसल श्रेणी ख (पाच लाख भन्दा कम) | २२००.०० |
| १.१.१३ | **धागो टांक फस्नर पसल** | |
| १.१.१३.१ | धागो, टांक, फस्नर थोक पसल | १५००.०० |
| १.१.१३.२ | धागो, टांक, फस्नर खुद्रा पसल | १०००.०० |
| १.२.१ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| १.२.१.१ | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्युटर्स | १००००.०० |
| १.२.१.२ | इलेक्ट्रोनिक, इलेक्ट्रिकल थोक पसल | ७०००.०० |
| १.२.१.४ | इलेक्ट्रोनिक खुदा पसल | ४०००.०० |
| १.२.१.५ | रेडियो,घडी,क्याल्कूलेटर मात्र बिक्री पसल | २५००.०० |

| | | |
|---|---|---|
| १.२.१.६ | अडियो, भिडियो क्यासेट पसल | १०००.०० |
| १.२.२ | **विद्युत सामाग्री पसल** | |
| १.२.२.१ | विद्युत सामाग्री थोक पसल (१.२.१.२ संग जोडिएमा माथिको बराबर) | ७०००.०० |
| १.२.२.२ | विद्युत सामाग्री खूद्रा पसल | ४०००.०० |
| १.२.३ | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| १.२.३.१ | थोक पसल | २००००.०० |
| १.२.३.२ | खूद्रा पसल श्रेणी क (छड, सिमेन्ट सहित) (२० लाखभन्दा बढि लगानी) | १००००.०० |
| १.२.३.३ | खूद्रा पसल श्रेणी ख अन्य (२० लाख भन्दा कम लगानी) | ६०००.०० |
| १.२.४ | **पेट्रोलियम पदार्थ** | |
| १.२.४.१ | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | २००००.०० |
| १.२.४.२ | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | १५०००.०० |
| १.२.४.३ | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | १००००.०० |
| १.२.४.४ | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | ५०००.०० |
| १.२.४.५ | ग्यांस सिलिण्डर बितरक | ३५००.०० |
| १.२.५ | **स्टील, आल्मूनियमको पसल (झ्याल ढोका, रेलिङ समेत)** | |
| १.२.५.१ | स्टील, आल्मूनियमको थोक पसल | ६०००.०० |
| १.२.५.२ | स्टील, आल्मूनियमको खुद्रा पसल | ४०००.०० |
| १.२.६ | **फर्निशर्स पसल** | |
| १.२.६.१ | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | ६०००.०० |
| १.२.६.२ | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | ४०००.०० |
| १.२.७ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| १.२.७.१ | बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर | २००००.०० |

| | | |
|---|---|---|
| १.२.७.२ | मोटरसाइकल डिलर | १२५००.०० |
| १.२.७.३ | मोटरसाइकल अन्य सवारी साधनको डिलर (स्वदेशी उत्पादन) | ५०००.०० |
| १.२.७.४ | इलेक्ट्रिक साइकल डिलर | २२००.०० |
| १.२.७.५ | रि कन्डिसन हाउस | ४०००.०० |
| १.२.७.६ | इलेक्ट्रिक अटो रेक्सा विक्रेता | ४०००.०० |
| १.२.७.७ | पेट्रोल अटो रेक्सा विक्रेता | ४५००.०० |
| १.२.७.८ | इलेक्ट्रिक मोटर साईकल विक्रेता | ३०००.०० |
| १.२.७.९ | साईकल बिक्री तथा मर्मत | ३०००.०० |
| १.२.७.१० | मोटरसाईकल मर्मत | ३०००.०० |
| १.२.८ | **थोक तथा एजेन्सी** | |
| १.२.८.१ | टायर डिलर | ६०००.०० |
| १.२.८.२ | पम्पिङ्गसेट, जेनेरेटर डिलर | ५५००.०० |
| १.२.८.३ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | ४०००.०० |
| १.३ | **दैनिक उपभोगका बस्तू** | |
| १.३.१ | **खाद्यान्न तथा किराना पसल** | |
| १.३.१.१ | खाद्यान डिलर / गोदाम | ५५००.०० |
| १.३.१.२ | गल्ला थोक पसल | ४०००.०० |
| १.३.१.३ | खाद्यान,किराना थोक पसल | ३५००.०० |
| १.३.१.४ | खाद्यान,किराना खूद्रा पसल | २५००.०० |
| १.३.१.५ | भित्री सडकमा रहेका साना किराना पसल | १०००.०० |
| १.३.१.६ | आलू, प्याज, लसून, अदुवा थोक पसल | २२००.०० |
| १.३.२ | **फलफूल पसल** | |

| | | |
|---|---|---|
| १.३.२.१ | फलफूल थोक पसल | ३०००.०० |
| १.३.२.२ | फलफूल खुद्रा पसल सटर | ११००.०० |
| १.३.२.३ | फलफूल खुद्रा पसल ठेला | ६००.०० |
| १.३.३ | **सागसब्जी पसल** | |
| १.३.३.१ | सागसब्जी थोक पसल | २२००.०० |
| १.३.३.२ | सागसब्जी खुद्रा पसल | ११००.०० |
| १.३.४ | **सूतीमात्रको कपडा पसल** | |
| १.३.४.१ | सूती कपडा थोक पसल | २२००.०० |
| १.३.४.२ | सूती कपडा खूद्रा पसल | ११००.०० |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा** | |
| २.१ | **चिकित्सक** | |
| २.१.१ | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | १३०००.०० |
| २.१.२ | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ६५००.०० |
| २.१.३ | कबिराज | १७००.०० |
| २.२ | **संथागत पेन्टर (प्लम्बिङ, वायरिङ, पेन्टिङ)** | ३५००.०० |
| २.३ | **कन्सल्ट्यान्ट सेवा** | |
| २.३.१ | इन्जिनियरिङ परामर्श सेवा फर्म | २५०००.०० |
| २.४ | **कानून व्यवसायी** | |
| २.४.१ | ल फर्म तथा कानून परामर्श सेवा | ६०००.०० |
| २.५ | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| २.५.१ | लेखा परीक्षण (सि.ए.) | २००००.०० |
| २.५.२ | लेखा परीक्षण (आ.ले.प) | ६०००.०० |
| २.६ | **दन्त चिकित्सा सेवा** | |

| | | |
|---|---|---|
| २.६.१ | डेन्टल होम सेवा | ४०००.०० |
| २.६.२ | दन्त चिकित्सा सेवा | २५००.०० |
| २.७ | **अनूसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| २.७.१ | अनुसन्धानकर्ता | ४०००.०० |
| २.८ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ६०००.०० |
| २.९ | विमा एजेन्ट (लाईफ/ननलाईफ) | ५०००.०० |
| २.१ | सर्भेयर | ३०००.०० |
| २.११ | नोटरी पव्लिक अनूवादक | २५००.०० |
| २.१२ | पशु चिकित्सक | २५००.०० |
| २.१३ | शेयर दलाल | १५०००.०० |
| २.१४ | ढुवानी कम्पनी तथा ट्रा्रन्सपोर्ट ब्यवसाय | ६०००.०० |
| ३ | **निर्माण ब्यवसाय** | |
| ३.१.१.१ | निर्माण व्यवसायी (क) | २००००.०० |
| ३.१.१.२ | निर्माण व्यवसायी (ख) | १२०००.०० |
| ३.१.१.३ | निर्माण व्यवसायी (ग) | ७०००.०० |
| ३.१.१.४ | निर्माण व्यवसायी (घ) वर्ग दर्ता शुल्क | ३००००.०० |
| ३.१.१.५ | निर्माण व्यवसायी (घ) व्यवसाय कर/नवीकरण | ६०००.०० |
| ३.१.१.६ | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १५००००.०० |
| ३.१.२ | **भवन निर्माण व्यवसाय** | |
| ३.१.२.१ | मिक्चर तथा सेटिङ्ग सामान भएकोलाई | ३५०००.०० |
| ३.१.२.२ | सटरिङ्ग सामानमात्र भएको | ३०००.०० |
| ३.१.२.३ | रेडि मिक्चर RMC उद्योग | २००००.०० |

| | | |
|---|---|---|
| ३.१.३ | **सेटिङ्ग व्यवसाय** | |
| ३.१.३.१ | मिक्चर तथा सेटिङ्ग सामान भएको | ३५००.०० |
| ३.१.३.२ | सेटिङ्ग सामानमात्र भएको | २०००.०० |
| ३.१.३.३ | वाटर ड्रिलिङ्ग | ३३००.०० |
| ४ | **उत्पादन मुलक उद्योग** | |
| ४.१.१ | **प्लाष्टिक उद्योग** | |
| ४.१.१.१ | प्लाष्टिक उद्योग श्रेणी क (कच्चा पदार्थ प्रशोधन) | ६०००.०० |
| ४.१.१.२ | प्लाष्टिक उद्योग श्रेणी ख (प्याकेजिङ) | ३५००.०० |
| ४.१.२ | **चप्पल उद्योग** | |
| ४.१.२.१ | चप्पल उद्योग श्रेणी क (१० लाख भन्दा बढि) | ६०००.०० |
| ४.१.२.२ | चप्पल उद्योग श्रेणी ख (१० लाख भन्दा कम) | ३५००.०० |
| ४.२ | **ग्रील उद्योग** | |
| ४.२.१ | स्टील,आल्मुनियम,फलाम, ग्रील उद्योग | ८५००.०० |
| ४.३ | **साबुन उद्योग** | |
| ४.३.१ | साबून उद्योग / डिटर्जेन्ट उद्योग | ८५००.०० |
| ४.४ | **जुत्ता उद्योग** | |
| ४.४.१ | जूत्ता उधोग | ८०००.०० |
| ४.४.२ | जूत्ताको शो रुम तथा पसल | ६०००.०० |
| ४.४.३ | जूत्ता मर्मत गर्ने | १०००.०० |
| ४.५ | **पशुपालन तथा पशु आहार उद्योग** | |
| ४.५.१ | पशूपंक्षि आहार उद्योग | ७७००.०० |
| ४.५.२ | पशूपंक्षि आहार विक्री केन्द्र | ५५००.०० |
| ४.५.३ | भेटनरी / एग्रोभेट | २२००.०० |

| | | |
|---|---|---|
| ४.५.४ | पशू पंछी पालन उद्योग | ५५००.०० |
| ४.५.४ | **कृषि तथा पशू फर्म** | |
| ४.५.४.१ | ह्याचरी सहित कूखूरापालन उद्योग | २२०००.०० |
| ४.५.४.२ | मझौला कूखूरापालन (५०० भन्दा बढी कूखूरा) | ८०००.०० |
| ४.५.४.३ | साना कूखूरापालन | २०००.०० |
| ४.५.४.४ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी ५० लाखभन्दा बढी) | १६५००.०० |
| ४.५.४.५ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी २० देखि ५० लाख भन्दा कम) | ५५००.०० |
| ४.५.४.६ | व्यवसायिक कृषि,पशू,माछा,बंगूर फर्म (पूजी २० लाख भन्दा कम) | नि : शूल्क |
| ४.७ | **घरेलू कूटिर उद्योग** | |
| ४.७.१ | अगर बत्ती उद्योग | ११००.०० |
| ४.७.२ | मैन बत्ती उद्योग | ११००.०० |
| ४.७.३ | टिकी उद्योग | ५५०.०० |
| ४.७.४ | अचार उद्योग | ५५०.०० |
| ४.७.५ | अन्य कुटिर उद्योग | ५५०.०० |
| ४.८ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| ४.८.१ | कपडा उद्योग / गार्मेन्ट / ज्याकेट / व्याग उद्योग (पूजी १० लाखभन्दा बढी) | ६०००.०० |
| ४.८.२ | गार्मेन्ट / ज्याकेट / व्याग उद्योग (पूजी १० लाखभन्दा कम) | २५००.०० |
| ४.८.३ | हातबूने / घरेलू / हस्तकला | नि : शूल्क |
| ४.८.४ | होजियारी तथा धागो उद्योग | ३३००.०० |
| ४.८.५ | सिरक डसना उद्योग / पसल(कपास) | ३०००.०० |
| ४.८.६ | ढाका उद्योग | २२००.०० |

| | | |
|---|---|---|
| ४.९ | **छाता ,सलाई उद्योग** | |
| ४.९.१ | सलाई उद्योग | २२००.०० |
| ४.९.२ | छाता उद्योग | २०००.०० |
| ४.१ | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| ४.१०.१ | मिनरल वाटर उद्योग | ११०००.०० |
| ४.१०.२ | पिउने पानी सप्लायर्स | ३३००.०० |
| ४.१०.३ | बरफ उद्योग | २०००.०० |
| ४.१०.४ | आइसक्रीम उद्योग | २०००.०० |
| ४.१०.५ | सोडा उद्योग | ५००.०० |
| ४.११ | **भांडा उद्योग** | |
| ४.११.१ | कांस,तामा,पित्तल,आल्मूनियम,पलास्टीक भाडा उद्योग (१ करोड भन्दा माथि) | ३५०००.०० |
| | कांस,तामा,पित्तल,आल्मूनियम,पलास्टीक भाडा उद्योग (१ करोड भन्दा तल) | २००००.०० |
| ४.११.२ | टिनको वासक,बाल्टी,स्टोभ | २५००.०० |
| ४.१२ | कुटानी, पेलानी मिल | |
| ४.१२.१ | फ्लावर मिल | ६०००.०० |
| ४.१२.२ | सेलर मिल (प्लान्ट सहित) | ४०००.०० |
| ४.१२.३ | कुटानी, पेलानी मिल (हलर समेत) | २०००.०० |
| ४.१२.४ | चिउरा मिल/भुजा | २०००.०० |
| ४.१२.५ | मसला उद्योग | १०००.०० |
| ४.१३ | **डेरी उद्योग** | |
| ४.१३.१ | डेरी उद्योग तथा विक्रि पसल मिठाई समेत | २०००.०० |
| ४.१३.२ | डेरी विक्रि पसल | १०००.०० |

| | | |
|---|---|---|
| ४.१४ | उपभोग्य बस्तू उत्पादन उद्योग | |
| ४.१४.१ | नूडल्स उद्योग (तयारी चाउचाउ) | १२०००.०० |
| ४.१४.२ | चाउमिन उद्योग | २५००.०० |
| ४.१४.३ | कूकिज/पाउरोटी उद्योग | २५००.०० |
| ४.१४.४ | कन्फेक्सनरी उद्योग | ३०००.०० |
| ४.१४.५ | दालमोट | ६०००.०० |
| ४.१५ | **रिकण्डिसन उद्योग** | |
| ४.१५.१ | फलाम कृषि औजार उद्योग | २५००.०० |
| ४.१५.२ | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | २०००.०० |
| ५ | **उर्जा मुलक उद्योग** | |
| ५.१ | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ११०००.०० |
| ५.२ | वायो ग्यास उद्योग | ६०००.०० |
| ५.३ | सौर्यशक्ति उत्पादन उधोग | ६०००.०० |
| ५.४ | मर्मत संमार पार्ट बिक्री | २५००.०० |
| ६ | **कृषि तथा बनजन्य उद्योग** | |
| ६.१ | स मिल / प्लाइउड उद्योग | २५०००.०० |
| ६.२ | काठ विक्री डिपो | १००००.०० |
| ६.३ | काठको फर्निचर उद्योग,शोरुम | ११०००.०० |
| ६.४ | काठको फर्निचर शोरुम, | ५५००.०० |
| ६.५ | बेतबांसको उद्योग / व्याम्बो शोरुम | २०००.०० |
| ७ | **खनिज उद्योग** | |
| ७.१ | कंक्रिट उद्योग | |

| | | |
|---|---|---|
| ७.१.१ | कंक्रिट व्लक | ८०००.०० |
| ७.१.२ | सेनेटरी उद्योग तथा व्यवसाय | ८०००.०० |
| ७.१.३ | क्रसर उद्योग दर्ता | ३५००००.०० |
| | **क्रसर उद्योग व्यवसाय कर** | |
| ७.१.३.१ | १० करोड भन्दा माथि | ३५००००.०० |
| ७.१.३.२ | ५-१० करोड सम्म | २५००००.०० |
| ७.१.३.३ | ५ करोड सम्म | २०००००.०० |
| ७.१.४ | बालूवा प्रसोधन उद्योग दर्ता | २५००००.०० |
| ७.१.४.१ | बालूवा प्रसोधन उद्योग व्यवसाय कर | ६००००.०० |
| ७.१.५ | ह्यूमपाइप, विद्यूत पोल उद्योग | २५०००.०० |
| ८ | **पर्यटन उद्योग** | |
| ८.१ | **रिसोर्ट, कटेज, होटल, लज एण्ड रेष्टूरेण्ट** | |
| ८.१.१.१ | (क) ५१ भन्दा माथि कोठा | ४००००.०० |
| ८.१.१.२ | (ख) २६ देखि ५० सम्मको कोठा | २००००.०० |
| ८.१.१.३ | (ग) १६ देखि २५ सम्मको कोठा | १५०००.०० |
| ८.१.१.४ | (घ) ९ देखि १५ कोठा सम्म | १००००.०० |
| ८.१.१.५ | (ङ) ८ कोठा भन्दा सम्म | ५०००.०० |
| | माथि (ग),(घ),(ङ) वर्गिकरणमा पर्ने रिसोर्ट तथा कटेजहरुको बाकि बक्यौताको हकमा यहि दररेट अनूसार असूल हूनेछ। | |
| ८.१.२ | पार्टी प्यालेस | १५०००.०० |
| ८.१.३ | होटल, रेष्टूरेण्ट, खाजा घर, भोजनालय | ५०००.०० |
| ८.१.४ | दोहरी सांझ | १५०००.०० |

| | | |
|---|---|---|
| ८.१.५ | फास्टफुट तथा क्याफे | २५००.०० |
| ८.१.६ | होमस्टे सामूदायिक | २००००.०० |
| ८.१.७ | होमस्टे नीजि | ४०००.०० |
| ८.२ | **मिष्ठान / क्याटरिङ्ग पसल** | |
| ८.२.१ | मिष्ठान पसल श्रेणी क(पाच लाख भन्दा बढी ) | ४५००.०० |
| ८.२.२ | मिष्ठान पसल श्रेणी ख | २५००.०० |
| ८.२.३ | क्याटरिङ्ग | ५०००.०० |
| ८.२.४ | चिया  तथा कफि पसल | १०००.०० |
| ८.३ | **टेण्ट हाउस** | |
| ८.३.१ | विजूली डेकोरेशन / बैण्ड बाजा सहितको टेण्ट हाउस | १२०००.०० |
| ८.३.२ | विजूली डेकोरेशन सहितको टेण्ट हाउस | ७५००.०० |
| ८.३.३ | टेण्ट हाउस | २५००.०० |
| ८.३.४ | साउण्ड सिस्टम व्यवसाय | ९०००.०० |
| ९ | **सेवा उद्योग** | |
| ९.१ | **छापाखाना** | |
| ९.१.१ | अफसेट प्रेस | ४०००.०० |
| ९.१.२ | स्क्रिन प्रिन्ट प्रेश | १०००.०० |
| ९.१.३ | फ्लेक्स प्रिन्ट प्रेश | ३५००.०० |
| ९.२ | **सिनेमा हल** | |
| ९.२.१ | सिनेमा हल | १२०००.०० |
| ९.२.२ | फिल्म डिस्ट्रिव्युटर्स | ८५००.०० |
| ९.३ | **कलरल्याव सेवा** | |

| | | |
|---|---|---|
| ९.३.१ | कलरल्याव सेवा | २५००.०० |
| ९.३.२ | भिडियो मिक्सिङ तथा फोटो स्टुडियो | २०००.०० |
| ९.३.३ | फोटो स्टूडियो सेवा | १०००.०० |
| १० | **फिट्नेस सामान विक्री / सेवा (जिम हल, एरोविक्स सेन्टर)** | |
| १०.१ | फिट्नेस सामान विक्री तथा सेवा | ६०००.०० |
| १०.२ | फिट्नेस सामान विक्री | ३५००.०० |
| १०.३ | फिट्नेस सेवा | ३५००.०० |
| ११ | **संचार सेवा** | |
| ११.१.१ | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | ६०००.०० |
| ११.१.२ | टि.भि. च्यानल प्रशारण सेवा | ३०००.०० |
| ११.१.३ | केबूल च्यानल प्रशारण सेवा | १५०००.०० |
| ११.१.४ | एफ.एम.प्रशारण सेवा | २०००.०० |
| ११.१.५ | पत्रपत्रिका प्रकाशन सेवा | १०००.०० |
| ११.२ | **कम्युनिकेशन सेवा** | |
| ११.२.१ | टूर एन्ड टाभल्स  सेवा | ३५००.०० |
| ११.२.२ | फोटोकपी / पी.सी.ओ.साइवर क्याफे सेवा | १०००.०० |
| ११.२.३ | कुरियर सेवाको मुख्य कार्यालय | ३५००.०० |
| ११.२.४ | कुरियर सेवाको शाखा कार्यालय | २५००.०० |
| १२ | **बित्तीय सेवा** | |
| १२.१ | बाणिज्य बैंक मुख्य कार्यालय | ४००००.०० |
| १२.२ | वाणिज्य वैंक प्रति शाखा कार्यालय | ३००००.०० |

| | | |
|---|---|---|
| १२.३ | बिकास बैंक मुख्य कार्यालय | ३००००.०० |
| १२.४ | विकास वैंक प्रति शाखा कार्यालय | २००००.०० |
| १२.५ | फाइनान्स कम्पनी मुख्य कार्यालय | १७०००.०० |
| १२.६ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १४०००.०० |
| १२.७ | लघुवित्त कम्पनीहरु | ६०००.०० |
| १२.८ | विमा कम्पनीहरु | ६०००.०० |
| १२.९ | रेमिटान्स तथा मनी एक्सचेन्जर | ३५००.०० |
| १२.१ | वित्तीय सहकारी संस्था | २०००.०० |
| १२.११ | विषयगत सहकारी | १५००.०० |
| १३.१ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| १३.१.१ | **गैह्र सरकारी अस्पताल निजि** | |
| १३.१.१.१ | अस्पताल निजि १०० वेड भन्दा माथि | ३५००००.०० |
| १३.१.१.२ | अस्पताल निजि ५० भन्दा माथि १०० वेडसम्म | १६००००.०० |
| १३.१.१.३ | अस्पताल निजि २५ देखि ५० वेडसम्म | ८००००.०० |
| १३.१.१.३ | २५ वेडभन्दा तल | २५०००.०० |
| १३.१.१.३ | अस्पताल निजि | |
| १३.१.२ | गैर सरकारी अस्पताल सामुदायिक | ५५००.०० |
| १३.१.३ | नर्सिङ्गहोम | १५०००.०० |
| १३.१.४ | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ७५००.०० |
| १३.१.५ | पोली क्लिनिक | ५५००.०० |
| १३.१.६ | प्याथोलोजी (दिशा,पिसाव,रगत,जांच) क्लिनिक | ३०००.०० |
| १३.१.७ | अक्युपन्चर, फिजियोथेरापी, स्वास्थ क्लिनिक | ३०००.०० |

| | | |
|---|---|---|
| १३.१.८ | एक्सरे क्लिनिक | २५००.०० |
| १३.१.९ | चश्मा पसल | ३०००.०० |
| १४ | **शिक्षा सेवा** | |
| १४.१ | **निजी शिक्षालय** | |
| १४.१.१ | क्याम्पस | १००००.०० |
| १४.१.२ | माध्यमिक विद्यालय | ६०००.०० |
| १४.१.३ | आधारभुत विद्यालय | ३५००.०० |
| १४.१.४ | छात्र / छात्रावास | २५००.०० |
| १४.१.५ | मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र | ३०००.०० |
| १४.१.६ | समता | |
| १४.२ | **इन्स्टिच्यूट,तालिम तथा अनूसन्धान केन्द्र** | |
| १४.२.१ | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | १००००.०० |
| १४.२.२ | नर्सिङ्ग, सि.एम.ए. र एच.ए. प्रशिक्षण समेत | १००००.०० |
| १४.२.३ | एजुकेशनल कन्सल्टेन्सी सेवा | ६०००.०० |
| १४.२.४ | कम्प्यूटर/ईलेक्ट्रो.तालिम केन्द्र | ३०००.०० |
| १४.२.५ | सवारी चालक तालीम केन्द्र (ड्राइभिङ्ग सेन्टर/ Pretest Center) | ६०००.०० |
| १४.२.६ | भाषा शिक्षा इन्स्टिच्युट,कोचिङ्ग सेन्टर | ३०००.०० |
| १४.३ | अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु | |
| १४.३.१ | अन्तराष्ट्रिय संस्था (ब्यवसायिक कारोबार गर्ने) | ६०००.०० |
| १४.३.२ | राष्ट्रिय संस्था | ४०००.०० |
| १५ | **मर्मत तथा संभार सेवा** | |
| १५.१ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |

| | | |
|---|---|---|
| १५.१.२ | नयां बोडी बनाउने | १२०००.०० |
| १५.१.३ | बोडी मर्मत गर्ने | ६०००.०० |
| १५.२ | **लेथ सेक्सन तर्फ** | |
| १५.२.२ | लेथ सेक्सन | ६०००.०० |
| १५.३ | **टायर सेक्सन तर्फ** | |
| १५.३.१ | टायर डिलर शोरुम | ६०००.०० |
| १५.३.२ | टायर रिसोलिङ्ग | ४५००.०० |
| १५.३.४ | टायर पन्चर मर्मत | १५००.०० |
| १५.४ | **ईन्जिन मर्मत सेक्सन  तर्फ** | |
| १५.४.१ | ईन्जिन मर्मत हेभी समेत | ३०००.०० |
| १५.४.२ | ईन्जिन मर्मत | २५००.०० |
| १५.५ | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिङ्ग सेक्सन तर्फ** | |
| १५.५.१ | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | १७००.०० |
| १५.५.२ | डेन्टिङ्ग पेन्टिङ्ग सेवा | २०००.०० |
| १५.६ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| १५.६.१ | पम्प सेक्सन मर्मत श्रेणी क (१० लाखभन्दा बढी) | २५००.०० |
| १५.६.२ | पम्प सेक्सन मर्मत श्रेणी ख | १७००.०० |
| १५.७ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| १५.७.१ | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क (१० लाखभन्दा बढी) | २०००.०० |
| १५.७.२ | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | ११००.०० |
| १५.८ | **वासिङ्ग सेक्सन तर्फ** | |
| १५.८.१ | वासिङ्ग सेक्सन | १५००.०० |
| १५.९ | **रिक्सा, साइकल** | |

| | | |
|---|---|---|
| १५.९.१ | रिक्सा साइकल विक्री पसल | २५००.०० |
| १५.९.२ | रिक्सा, साइकल मर्मत तथा पार्टस बिक्री पसल | ११००.०० |
| १५.९.३ | **ई-रिक्सा (३ पांग्रे)** | |
| १५.९.३.१ | दर्ता शूल्क | कार्यविधि बमोजिम |
| १५.९.३.२ | वार्षिक नवीकरण | |
| १५.१ | **अटो सम्बन्धी अन्य सेवा** | |
| १५.१०.१ | मोटर साइकल मर्मत | ३५००.०० |
| १५.१०.२ | कमानी पट्टा मर्मत | ११००.०० |
| १५.१०.३ | रेडियटर मर्मत | ११००.०० |
| १५.१०.४ | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ११००.०० |
| १५.१०.५ | हेड मर्मत सेक्सन | ११००.०० |
| १५.११ | **अन्य मर्मत सेवा** | |
| १५.११.१ | टि.भी.,डेक,फ्रिज,कम्प्युटर, मर्मत पसल | २५००.०० |
| १५.११.२ | मोर्वाइल मर्मत पसल (विक्रि पसल भएमा सोही अनूसार) | २५००.०० |
| १५.११.३ | रेडियो, घडी मर्मत पसल | १०००.०० |
| १५.११.४ | अन्य मर्मत पसल | १०००.०० |
| १५.१२ | **हेभिइक्युवमेन्ट तथा कवार्ड पसल** | |
| १५.१२.१ | हेभि इक्युवमेन्ट कवाड खरीद/विक्री | ८५०००.०० |
| १६ | **ड्राइक्लिनिक,सैलुन तथा ब्युटीपार्लर** | |
| १६.१.१ | ब्युटी पार्लर सेवा ब्युटिशियन तालिम सहितको | २५००.०० |
| १६.१.२ | ब्युटी पार्लर सेवा | १५००.०० |
| १६.१.३ | कालिगढ सहितको सैलून सेवा | १५००.०० |

| | | |
|---|---|---|
| १६.१.४ | सैलून ४ सीट भन्दा बढी अन्य सूबिधा समेतको सैलून सेवा | ३५००.०० |
| १६.२ | ड्राइक्लिनिक सेवा | १५००.०० |
| १७ | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| १७.१ | डिजिटल आर्ट ब्यवसाय / आर्ट ब्यवसाय | ३०००.०० |
| १८ | **पशूबधशला** | |
| १८.१ | पशूबधशला रागा वंगुर (निजी) | ६०००.०० |
| १८.२ | पशूबधशला खसी कुखुरा (निजी) | ४०००.०० |
| १८.३ | पशूको छाला संकलन तथा विक्रि केन्द्र | २५००.०० |
| १९ | **माछा, मासु विक्री पसल** | |
| १९.१ | प्याकिङ माछा,मासू सप्लायर्स | २५००.०० |
| १९.२ | माछा,मासू मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २५००.०० |
| १९.३ | माछा,मासू मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | २५००.०० |
| १९.४ | कूनै एक प्रकारको मासू बिक्री पसल | १५००.०० |
| १९.५ | ताजा माछा, सिद्रा विक्री पसल | १५००.०० |
| १९.६ | अण्डा विक्री पसल | १५००.०० |
| २० | **फूल बिरुवा विक्री पसल** | |
| २०.१ | नर्सरी | १५००.०० |
| २०.२ | फूल विक्री पसल | १०००.०० |
| २१ | **स्नुकर / पुल हाउस** | |
| २१.१ | स्नूकर तथा पूल दूवै भएको | ६०००.०० |
| २१.२ | स्नूकर | ४०००.०० |
| २१.३ | पूल हाउस | ३५००.०० |

| | | |
|---|---|---|
| २२ | **भांडा पसल, किचन सामाग्री** | |
| २२.१ | भांडा तथा किचन सामाग्री थोक पसल | ६०००.०० |
| २२.२ | भांडा तथा किचन सामाग्री खूद्रा पसल (क) ग्यास सहितको | ३५००.०० |
| २२.३ | भांडा खूद्रा पसल (ख) | २५००.०० |
| २३ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| २३.१ | खेलौना तथा गिफ्रट पसल | २५००.०० |
| २३.२ | खेलौना पसल | २०००.०० |
| २३.३ | फोटो फ्रेम पसल | १०००.०० |
| २४ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| २४.१ | सिलाई पसल ५ भन्दा बढी मेशिन | २५००.०० |
| २४.२ | सिलाई पसल ३ देखि ५ सम्म मेशिन | २०००.०० |
| २४.३ | सिलाई मेसिन मर्मत पसल र ३ वटा मेशिन सम्म | १०००.०० |
| २४.४ | बुटिक ल्याब्रटोरी | १०००.०० |
| २५ | संगित तथा कला केन्द्र सेवा | २०००.०० |
| २६ | **घुम्ति हाटबजार व्यवसाय गर्ने व्यवसायिको हकमा** | |
| २६.१ | फेन्सी तथा कपडा पसल | २०००.०० |
| २६.२ | किराना बिसाता एवं भाडा पसल | १२००.०० |
| २६.३ | अन्य प्रकृतीका | १२००.०० |
| २७ | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| २७.१ | ठुला उद्योग | ६००००.०० |
| २७.२ | मझौला उद्योग | ३५०००.०० |
| २७.३ | साना उद्योग | २२०००.०० |

| | | |
|---|---|---|
| २७.४ | **ईट्टा उद्योग** | |
| २७.४.१ | छ करोड भन्दा बढि पुँजी भएको | ३३०००० .०० |
| २७.४.२ | छ करोड भन्दा कम पुँजी भएको | १६५००० .०० |
| २७.५ | भेली उद्योग | २७५००.०० |
| २८ | **माथी उल्लेख नभएका अन्य पेशा ब्यवसाय** | |
| २८.१ | डिस्ट्रीबयूटर्स/थोक पसल | ११०००.०० |
| २८.१.१ | खूद्रा पसल श्रेणी क (पूजी २० लाखभन्दा माथि) | ६०००.०० |
| २८.१.२ | खूद्रा पसल श्रेणी ख  (पूजी २० लाख सम्म) | ३५००.०० |
| २८.२ | सेवा प्रदायक अन्य ब्यवसाय | ३०००.०० |
| २८.३ | रियल स्टेट, घरजग्गा कारोबार | १५०००.०० |
| २८.४ | फूटसल | ५०००.०० |
| २८.५ | ढुङ्गा,गिट्टी,बालुवा सप्लायर्स | २२०००.०० |
| २८.६ | करदाता परामर्श सेवा | ३०००.०० |
| २८.७ | स्पा | ३०००.०० |
| २८.८ | मेनपावर कम्पनी | १००००.०० |
| २८.९ | शैक्षिक परामर्श | ५०००.०० |
| २९ | पुजा सामाग्री पसल | २०००.०० |
| २९.१ | जुत्ता चप्पल खुद्रा पसल | २०००.०० |
| २९.२ | म्यूजिक स्टुडियो | ५०००.०० |
| २९.३ | व्यक्तिगत पार्किङ् | ६०००.०० |
| २९.४ | ड्राइ मिट उद्योग | ५०००.०० |

| | | |
|---|---|---|
| २९.५ | कार वास | ५०००.०० |
| २९.६ | अटो रिक्सा बिक्रि केन्द्र | ८०००.०० |
| २९.७ | सिकर्मी सहित चिरानी मेसिन सेवा | ३५००.०० |

- निजी संस्था मार्फत गैर नाफामूलक ढङ्गबाट सञ्चालित विद्यालयलाई व्यवसाय कर लगाइने छैन। यसका लागि सम्बन्धित शैक्षिक सँस्थाले गैर नाफामूलक ढगंबाट सञ्चालन भएको र विद्यार्थीबाट कुनै शुल्क नउठाइएको व्यहोरा प्रमाणित गर्नुपर्नेछ।
- शीर्षक नं. १२ अन्तर्गत रहेको बित्तिय सेवा सम्वन्धि व्यवसायमा प्रत्येक बर्षका लागि माथि उल्लेखित भए बमोजिम नै व्यवसाय कर लाग्नेछ।

## अनुसुचि - ३

### कवाडी निकासी

| क्र.स. | विवरण | कर रकम |
|---|---|---|
| १ | ठुला गाडी निकाशी | रु.१५००।- |
| २ | मझौला गाडी निकाशी | रु.१०००।- |
| ३ | साना गाडी निकाशी | रु.५००।- |

### जडिबुटि र जीवजन्तु कर

| क्र.स. | विवरण | कर रकम |
|---|---|---|
| १ | जडिबुटी कर | खरिद रकमको २ प्रतिशत |
| २ | जीवजन्तु कर | खरिद रकमको २ प्रतिशत |

## अनुसुचि - ४
## सवारी साधन कर

| क्र.स. | सवारीको विवरण | कर रकम | कैफियत |
|---|---|---|---|
| १ | ट्रक, लरी तथा अन्य हेभी गाडीमा | ३००० | प्रदेश सरकारले संकलन गर्ने |
| २ | बस, मिनीबस, मिनीट्रक र ट्र्याक्टर | १५०० | |
| ३ | १५ सिट भन्दा कम भाडाका जीप, कार, भ्यान, मेटाडोर, टेम्पो | १००० | |
| ४ | जिप, कार, मिनिबस (रातो नम्बर प्लेट) | ५०० | |
| ५ | **मोटरसाइकल, स्कूटर** | | |
| | १२५ सि.सि. सम्म | १०० | |
| | १२५ देखि २५० सि.सि. सम्म | १५० | |
| | २५० सि.सि भन्दा माथि | २०० | |
| ६ | रिक्सा / ठेला गाडा | - | |
| ७ | अन्य सवारी साधनहरु | - | |
| ८ | अटो रिक्सा / ३ पांग्रे | कार्यविधि अनुसार | नगरपालिकाले संकलन गर्ने |

## अनुसुचि - ५
## विज्ञापन कर

| क्र.सं. | विवरण | कर रकम | |
|---|---|---|---|
| | | पटके रु. प्रति बर्ग फिट | बार्षिक रु. प्रति बर्ग फिट |
| १ | होडिड्ड बोर्ड, ग्लो साइन बोर्ड,तथा अन्य  विद्यूतीय बोर्डहरु | - | १००।- |
| २ | डी.पी.एस.बोर्ड आदि | - | ७५।- |
| ३ | भित्ते लेखन (एक महिना सम्म) | १०।- | ३५।- |
| ४ | तुल, व्यानर(एक महिना सम्म) | १०।- | - |

# अनुसुचि - ६

## मनोरञ्जन कर

| क्र.स. | विवरण | कर रकम |
|---|---|---|
| १ | फिल्म हल प्रति व्यक्ति | रु.२।- |
| २ | मेला ,पर्व कुल उठेको रकमको | २ प्रतिशत |
| ३ | पार्क प्रवेश - पोखरी ताल | रु.२५।- विद्यार्थी रु.१५।- |
| ४ | पिकनिक स्पोर्ट | रु ५००।- |
| ५ | डुगां सवारी प्रति डुगां वार्षिक | रु. २०००।- |
| ६ | हात्ति सवारी प्रति हात्ती वार्षिक | रु ५०००।- |
| ७ | जंगल सफारी प्रति जीप वार्षिक | रु ७५००।- |

# अनुसुचि - ७

## बहाल विटौरी कर

<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>फलफुल चोक कृषि उपज थोक बजार</td><td>३,५०,०००।-</td></tr>
<tr><td>२</td><td>डण्डा चोक / गैडा चोक हाटबजार</td><td>५,००,०००।-</td></tr>
<tr><td>३</td><td>विष्णुनगर प्रतिभा हाटबजार</td><td>३०,०००।-</td></tr>
<tr><td>४</td><td>वडा नं.१५ हाटबजार</td><td>५०,०००।-</td></tr>
<tr><td>५</td><td>एकादशी मेला न्यूनतम मुल्य</td><td rowspan="3">३५,०००।-</td></tr>
<tr><td>५.१</td><td>गुद्राई १५,०००।-</td></tr>
<tr><td>५.२</td><td>पिठौली २०,०००।-</td></tr>
<tr><td>६</td><td>सार्वजनिक जग्गामा बनाएको घर टहरा</td><td></td></tr>
<tr><td>६.१</td><td>ढलान पक्कि घर वार्षिक</td><td>रु. १०००।-</td></tr>
<tr><td>६.२</td><td>कच्चि घर वार्षिक</td><td>रु. ३००।-</td></tr>
<tr><td>७</td><td>सार्वजनिक जग्गा (ऐलानी, ८ नम्बरी) उपभोग गरेबापत</td><td>प्रतिकठ्ठा रु. ४०।-</td></tr>
</table>

## अनुसुचि - ८
## पार्किङ् शुल्क

| सि.नं. | सवारीको विवरण | शुल्क (प्रति दिन रु.) |
|---|---|---|
| १ | ट्रक, लरी तथा अन्य हेभी गाडीमा | २५ |
| २ | बस, मिनीबस, मिनीट्रक र ट्र्याक्टर | २५ |
| ३ | १५ सिट भन्दा कम क्षमताका जीप, कार, भ्यान, मेटाडोर, टेम्पो | १५ |
| ४ | जिप, कार, मिनिबस (रातो नम्बर प्लेट) | १५ |
| ५ | मोटरसाइकल, स्कूटर | १० |
| ६ | अटो रिक्सा/ठेला गाडा | १० |

## अनुसुचि - ९
## ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टीङ्ग शुल्क

| क्र.स. | विवरण | रकम |
|---|---|---|
| १ | **ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टीङ्ग शुल्क** | प्रतिपटक रु. १००।- |

## अनुसुचि – १०
## सेवा शुल्क, दस्तुर

| **सि.नं.** | **विवरण** | **आ.व. ०७८/०७९ को प्रस्ताविक कर रकम** |
|---|---|---|
| १ | निबेदन दस्तुर | - |
| २ | **सिफारिस दस्तुर** | |
| २.१ | नागरिकता सिफारिस र प्रतिलिपि | १५०।- |
| २.२ | बैवाहिक सम्बन्धबाट अंगिकृत नगरिकता सिफारिस | ५००।- |
| २.३ | नाता प्रामाणित | ५००।- |
| २.४ | नाता प्रामाणित अंग्रेजीमा (बैदेशिक प्रयोजनको लागि) | १०००।- |
| २.५ | परिवारिक पेन्सन | ५००।- |

| | | |
|---|---|---|
| २.६ | नाबालक सिफारिस | १५०।- |
| २.७ | विवाहित, अविवाहित वसोवास, जन्म, मृत्यु प्रमणित | २००।- |
| २.८ | विवाहित, अविवाहित, वसोवास, जन्म, मृत्यु प्रमणित अंग्रेजीमा (बैदेशिक प्रयोजनको लागि ) | ५००।- |
| २.९ | चारित्रिक प्रमाणित | ५००।- |
| २.१ | एउटै व्यक्ति प्रमाणित | १५०।- |
| २.११ | जन्ममिति, नामथर संसोधन सिफारिस | २००।- |
| २.१२ | दैविक प्रकोप, अपाङ्ग परिचय पत्र असहाय, छात्रवृत्ति सिफारिस | निशुल्क |
| २.१३ | बिद्युत जडान नामसारी,ठाँउसारी (घरयासी ) | २५०।- |
| २.१४ | बक्सौनी/मिलापत्र दस्तुर (दुबै पक्ष सँग अलग अलग | १०००।- |
| २.१५ | राहदानी सिफारिस ( भारतको लागि ) | ५००।- |
| २.१६ | मुद्दा दर्ता दस्तुर ( फिराद प्रति उत्तर ) सिफारिस | ५००।- |
| २.१७ | न्यायिक समितिमा उजुरी दर्ता नियमन दस्तुर | १००।- |
| २.१८ | बिविध सिफारिस दस्तुर | ५००।- |
| २.१९ | बिदेशमा खाता खोल्ने सिफारिस | ५०००।- |
| २.२ | जग्गाको कित्ता एकिकरण सिफारिस दस्तुर | ५००।- |
| २.२१ | आदिवासी, जनजाति, दलित प्रमाणित दस्तुर | २००।- |
| २.२२ | कर चुक्ता सिफारिस (अंग्रेजी) | ५००।- |
| २.२३ | बाटो प्रमाणित (बैकिङ्ग प्रयोजन) | ५००।- |
| २.२४ | पेशा प्रमाणित (अंग्रेजी) | ५००।- |
| २.२५ | खानेपानी धारा जडान सिफारिस | २५०।- |
| २.२६ | घरायसी कारोवारको रोहवर शुल्क | २००।- |
| २.२७ | कागजात नक्कल प्रति पाना कार्यालयले | २०।- |
| २.२९ | अन्य सिफारिस | २००।- |
| ३ | | |
| ३.१ | १० | १५००।- |
| ३.२ | १० थ्री फेस लाईन | २५००।- |

| | | |
|---|---|---|
| ३.३ | बिद्युत जडान नामसारी,ठाँउसारी (कृषि प्रयोजन) | २५०।- |
| ४ | | |
| ४.१ | आर.सि.सि. फ्रेम स्टक्चर भवन | २०००।- |
| ४.२ | ईटा,ढुङ्गाको गारोमा सिमेन्ट जडान भएको घर | १५००।- |
| ४.३ | ईटा,ढुङ्गाको गारोमा माटो जडान भएको घर | १०००।- |
| ५ | जिल्ला आपुर्ति घर निर्माणको लागि काठको सिफारिस | १०००।- |
| ६ | | |
| | क) उद्योग दर्ता ठाँउसारी नामसारी सिफारिस | १०००।- |
| | ख) बेच बिखन | ५०००।- |
| | ग) १० हर्षपावर क्षमताको सिफारिस दस्तुर | १०००।- |
| | घ) १० देखि २० हर्षपावर सम्म क्षमताको सिफारिस दस्तुर | १५००।- |
| | ङ) २० देखि ५० हर्षपावर सम्म क्षमताको सिफारिस दस्तुर | २०००।- |
| | च) ५० हर्षपावर क्षमता भन्दा माथिको  सिफारिस दस्तुर | ३०००।- |
| ७ | व्यवसाय दर्ता संचालन सिफारिस दस्तुर | ५००।- |
| ८ | न.पा. मा दर्ता भएकाहरुको ब्यासाय बन्द तथा नाम परिवर्तन सिफारिस दस्तुर | ५००।- |
| ९ | न.पा. मा दर्ता नभएकाहरुको व्यावसाय बन्द तथा नाम परिवर्तन सिफारिस दस्तुर(लाग्ने कर पुरै लिएर) | १०००।- |
| १० | ब्यवसाय भएको, नभएको प्रमाणित | १०००।- |
| ११ | व्यवसाय ठाँउसारी,नामसारी सिफारिस दस्तुर | ३००।- |
| १२ | | |
| १२.१ | मालपोत तथा भुमिकर | |
| १२.२ | घर कायम सिफारिस दस्तुर | ५००।- |
| १२.३ | घर तथा जग्गा नामसारी (मालपोत) | ३००।- |
| १२.४ | जग्गा धनि दर्ता प्रमाण पुर्जामा फोटो टास गर्ने सिफारीस | २००।- |
| १२.५ | जग्गा धनि दर्ता प्रमाण पुर्जा प्रतिलिपि सिफारीस | ५००।- |
| १२.६ | घर तथा बाटो भए, नभएको(राजिनामा) पास सिफारिस दस्तुर चार कित्ता भन्दा बढी भएमा प्रति कित्तामा थप रु.१००।- का दरले लाग्ने छ। | १०००।- |

| | | |
|---|---|---|
| १२.७ | घर तथा बाटो भए,नभएको (अंशबण्डा र बकस) बकसमा यो रेट तिन पुस्ते सम्म मात्र हुने छ। | ५००।- |
| १२.८ | साबिक पुर्जा प्राप्त जग्गाको हकभोग सिफारिस | ५००।- |
| | फिल्ड बुक कायम भएको जग्गाको हकभोग सिफारिस | २०००।- |
| १२.९ | छुट कित्ता जग्गा दर्ता सिफारिस (मालपोत मुल्याङ्कनबाट हुने कुल मुल्यको १% का दरले | १०००।- न्युनतम |
| १२.१ | तोकिएका बाहेक जग्गा सम्बन्धी सिफारिस | ५००।- |
| १२.११ | जग्गाको मोही लगत कट्टा सिफारिस दस्तुर | २०००।- |
| १२.१२ | सरजमिन मुचुल्का गर्नु पर्दा दस्तुर | १०००।- |
| १३ | निजि आवादी जग्गाको रुख काट्ने सिफारिस ५ वटा सम्म न्यूतम रु.१०००।- र ५ वटा माथि (प्रति गोटा रु.३००।- थप हुने) | १०००।- |
| १४ | चारकिल्ला प्रमाणित दस्तुर (चार कित्ता भन्दा बढी भएमा प्रति कित्तामा थप रु.१००।- का दरले लाग्ने छ | ५००।- |
| १५ | आय स्रोत प्रमाणित | |
| १५.१ | बर्षिक रु. १० लाख सम्मको सिफारिस गर्दा | ५००।- |
| १५.१ | बर्षिक रु. २० लाख सम्मको सिफारिस गर्दा | १०००।- |
| १५.१ | बर्षिक रु. ३० लाख सम्मको सिफारिस गर्दा | १५००।- |
| १५.१ | बर्षिक रु. ३० लाख भन्दा माथिको सिफारिस गर्दा | २०००।- |
| १६.क) | सम्पत्ति मुल्याङ्कन प्रमाणित (सिफारिस सेवा शुल्क प्रति हजार रु १ का दरले लिईने छ। तर बैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने शुल्कमा २०% प्रतिशत छुट दिइने छ। | |
| ख) | घर जग्गाको मुल्याकंन प्रचलित कानुनबमोजिम गरिनेछ। | |
| ग) | भौतिक संरचनाको मुल्याकंन वा भौतिक संरचनाको सम्वन्धमा सिफारिसका लागि नक्सापास प्रमाण पत्र वा नक्शापास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश गर्नु पर्नेछ त्यस्तो प्रमाण पेश गर्न नसकेको हकमा मौजुदा भौतिक संरचनाको आकार प्रकारका आधारमा लाग्ने नक्शापास दस्तुर वरावरको रकम लिई सिफारिस दिईनेछ | |
| १७ | न.पा.को सभाहल भाडा दिदा भाडा र सरसफाई शुल्क | ४०००।- |

| | | |
|---|---|---|
| १८ | **घर गोठसार तर्फ** | |
| १८.१ | नगरपालिका भित्र | ५००।- |
| १८.२ | नगरपालिका बाहिर | १०००।- |
| १८.३ | जिल्ला बाहिर | १५००।- |
| १९ | **ठेक्का अनुभव सिफारिस** | |
| १९.१ | रु. १० लाख सम्मको ठेक्का अनुभव सिफारिस | १५००।- |
| १९.२ | रु. २० लाख सम्मको ठेक्का अनुभव सिफारिस | ३०००।- |
| १९.३ | रु. २० लाख माथिको ठेक्का अनुभव सिफारिस | ०.०५% ले |
| १९.४ | भुक्तानी बिवरण प्रमाणित | ५००।- |
| २० | ब्यक्तिगत घट्ना दर्ता दस्तुर ३५ दिन पछि | ५०।- |
| २१ | **संघ–सस्था दर्ता / नबिकरण दस्तुर** | |
| २१.१ | संघ–सस्था दर्ता सिफारिस दस्तुर | ५००।- |
| २१.२ | संघ–सस्था नबिकरण सिफारिस दस्तुर | ३००।- |
| २२ | **शिक्षण संस्थान सामुदायिक तर्फ** | |
| | क) आधारभूत बि. कक्षा थप सिफारिस | १०००।- |
| | ख) मा.बि. कक्षा थप सिफारिस | १५००।- |
| | ग) क्याम्पस | २५००।- |
| २३ | **शिक्षण संस्था संस्थागत तर्फ** | |
| | क) संस्थागत आ.बि. कक्षा थप सिफारिस | ७५००।- |
| | ख) संस्थागत मा.बि. कक्षा थप सिफारिस | १००००।- |
| | ग) संस्थागत उच्च मा. बि. कक्षा थप सिफारिस | १५०००।- |
| | घ) संस्थागत क्याम्पस | २०,०००।- |
| | ङ) संस्थागत पुर्व प्रा.बि.अनुमति दिदा (मन्टेस्वरी) | ५०००।- |
| २४ | **प्राविधिक शिक्षा तर्फ** | |
| २४.१ | श्रेणी (क) स्नातक तह सरह | २०००।- |
| २४.२ | श्रेणी (ख) प्रमाण पत्र तह सरह | १५००।- |
| २४.३ | श्रेणी (ग) एस.एल.सी. तह सरह | १०००।- |
| २५ | बाटो लगत कट्टा सिफारिस दस्तुर | प्रतिकट्ठा ५०००।- |

| | | |
|---|---|---|
| २६ | **घर बाहाल कर १०% प्रतिशत** | |
| २६.१ | फोहरमैला सेवा शुल्क | १००।- |
| २८ | घर नक्शा सम्बन्धी | |
| २८.१ | नक्शापास दरखास्त फारम दस्तुर | रु.५०० ।- |
| २८.२ | **नक्सा पास दस्तुर** | |
| २८.२.१ | मुख्य व्यापारिक तथा शहरी क्षेत्रतर्फ अनुसूचि १<br>(क) का कित्ताहरु | |
| | क वर्गका घरहरु (अनुसूचि १ क मा परिभाषा गरिएको बमोजिम) | रु.३०।-प्रति वर्गफिट |
| | ख वर्गका आर.सि.सि. छाना र फ्रेम स्टकचर भएका घरहरु | रु.२०।-प्रति वर्गफिट |
| | ग वर्गका आर.सि.सि. छाना र फ्रेम स्टकचर भएका घरहरु | रु.१५।- प्रति वर्गफिट |
| | घ वर्गका कच्ची घरहरु (अनुसूचि १ घ मा परिभाषा गरिएको बमोजिम) | रु.१०।-प्रति वर्गफिट |
| २८.२.२ | व्यापारिक तथा आवासीय शहरी क्षेत्रतर्फ अनुसूचि १ का कित्ताहरु | |
| | क वर्गका घरहरु | रु.२०।- प्रति वर्गफिट |
| | ख वर्गका घरहरु (१००० वर्ग फिट भन्दा बढी) | रु.१०।- प्रति वर्गफिट |
| | ग वर्गका घरहरु (१००० वर्ग फिट भन्दा तल) | रु.५।- प्रति वर्गफिट |
| | घ वर्गका घरहरु (१००० वर्ग फिट भन्दा तल) | रु.३।- प्रति वर्गफिट |
| २८.२.३ | **ग्रामिण तथा आवासिय क्षेत्रतर्फका कित्ताहरु** | |
| | क वर्गका घरहरु | रु.२०।- प्रति वर्गफिट |
| | ख वर्गका घरहरु (१००० वर्ग फिट भन्दा बढी) | रु.८।- प्रति वर्गफिट |
| | ग वर्गका घरहरु (१००० वर्ग फिट भन्दा तल) | रु.५।- प्रति वर्गफिट |
| | घ वर्गका घरहरु (१००० वर्ग फिट भन्दा तल) | रु.३।- प्रति वर्गफिट |
| २८.२.४ | **कृषि प्रयोजन तर्फ** | |
| | अ) कुखुरा खोर निर्माण तर्फ | |
| | क) आर. सी. सी. स्टकचर जमिनतला | १.५०।- |
| | ख) आर. सी. सी. स्टकचर प्रथम तला र सो भन्दा माथि | २।- |
| | ग) लोडबेरिङ्ग जस्ता छाना जमिन तला | १।- |

| | | |
|---|---|---|
| | घ) लोडबेरिङ्ग जस्ता छाना प्रथम तला र सो भन्दा माथि | १.५०।- |
| | ङ) साधारण खरको छाना | ०.५०।- |
| | च) कृषि खेतिको लागत अनुमान तयार गरिदिएको दस्तुर प्रति विगाहा | १५०।- |
| २८.२.५ | **सार्वजनिक संघ संस्था तर्फ** | |
| | क) सरकारी कार्यालय र सरकारी स्तरका शैक्षिक संस्था | |
| (ब्यापारीक प्रयोजन बाहेक ) | स्वीकृत लिनु पर्ने | |
| | ख) सार्वजनिक मठमन्दिर, गुम्बा मस्जिद, चर्च पाटी पौवा | स्वीकृत लिनु पर्ने |
| | ग) रिसोर्टको नक्सा पास प्रति वर्ग फिट | २०।- |
| २८.२.६ | कम्पाउण्ड, वाल तर्फ (रनिङ्ग फिटमा) | २।- |
| २८.२.७ | घर जग्गा पास तर्फ सेवा शुल्क प्रति ब.फिट बजार क्षेत्र पिच ढल निर्माण भएको स्थानमा मात्र लागु गर्ने र सम्बन्धीत कन्स्ल्टेन्ट ईन्जिनियर प्राविधिकले नक्शा पेश गर्दा किटानी गरी पेश गर्न लगाउने र सो रकम निर्माण सम्पन्न पश्चात न.पा. मा नै रहने छ। ) | ०.५०।- |
| २८.२.७.१ | प्राविधिक सेवा शुल्क | १०००।- |
| २८.२.८ | नक्शा नक्कल दस्तुर (नक्शा र प्रमाणपत्र समेत) | १०००।- |
| २८.२.९ | नक्शापास प्रमाणपत्र मात्र नक्कल दस्तुर | ८००।- |
| २८.२.१० | नक्सा संशोधन दस्तुर(तल्ला थप्ने, मोहडा बदल्ने वा लम्बाई चौडाई समेत फरक पर्ने भएमा) | १०००।- |
| | | |
| २८.२.११ | **नक्सा तर्फको घर नक्सा नामसारी दस्तुर** | |
| | क) अंशबण्डाबाट, पारिवारिक नामसारी | ५००।- |
| | ख) अन्य राजिनामाबाट नामसारी | १०००।- |
| | ग) घर सम्पन्न प्रमाण पत्र | १०००।- |
| २८.२.१२ | नक्सा पास म्याद थप | नक्सा पासको लागि लाग्ने दस्तुरको ५% |
| २९ | कन्सुलर प्रमाणिकरण | ३००।- |

| | | |
|---|---|---|
| ३० | **सम्झौता तथा लेनदेन कारोबारको तमसुक वा लिखत दर्ता शुल्क** | |
| | **क. सम्झौता/ करारनामा/ मिलापत्र/ लिखत दर्ता** | ५००।- |
| | **ख. लेनदेन लिखत दर्ता शुल्क** | |
| | रु. ५ लाखसम्मको कारोबारोको लिखत दर्ता | ५००।- |
| | रु. ५ लाख १ रुपैया देखी १० लाख सम्मको | १०००।- |
| | रु. १० लाख भन्दा बढीको कारोबारोको एक हजार रुपैया न्यूनतम कायम गरी दश लाख भन्दा लिखतमा बढी भएको रकमको ०.०५ प्रतिशतले थप लाग्ने | |

## अनुसुचि - ११

## पर्यटन शुल्क

| **क्र. स.** | **बिवरण** | कर रकम | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक | प्रतिपटक रु. ५०।- | |
| २ | बाह्य पर्यटक | प्रतिपटक रु. १०।- (डलर) | |

## अनुसूची - १२

## फोहोरमैला शुल्क

| फोहोरमैला शुल्क | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | मासिक सेवा | पाक्षिक सेवा | साप्ताहिक सेवा | प्रति दुई दिनमा सेवा | प्रतिदिन सेवा |
| १ | प्रति चूल्हो | ३५ | ७० | १०५ | १४० | २१० |
| २ | फोटो स्टुडियो,वैक तथा सहकारी लगायत आर्थिक कारोवार गर्ने संस्था | ७० | १४० | १७५ | २४५ | ३५० |
| ३ | **किराना पसल** | | | | | |
| ४ | होलसेल पसल | १०५ | १७५ | २८० | ४२० | ५२५ |
| ५ | रिटेल, डिपार्टमेन्टल पसल, तरकारी तथा फलफुल पसल, शैलुन तथा व्युटी पार्लर | ७९ | १४० | १७५ | २४५ | ३५० |
| ६ | **होटल तथा रिसोर्ट** | | | | | |
| ६.१ | रिसोर्ट, होटल ठूलो | ३५० | ७०० | १४०० | २१०० | ३५०० |
| ६.२ | होटल सानो | ४९० | ७०० | ८४० | १४०० | २१०० |
| ६.३ | पार्टी प्यालेस | ३५० | ७०० | १४०० | २१०० | ३५०० |
| ६.४ | रेष्टुरेन्ट, होटेल एण्ड लज, होस्टेल | ४९० | ७०० | ८४० | १४०० | २१०० |
| ७ | वेकरी, चिया पसल | ७० | १४० | १७५ | २४५ | ३५० |
| ८ | विद्यालय | २१० | ३५० | ५२५ | ७०० | १०५० |
| ९ | **वर्कसप** | | | | | |
| ९.१ | भारी सवारी | ३५० | ७०० | १०५० | १४०० | १७५० |
| ९.२ | हलुका सवारी | २४५ | ५२५ | ७०० | १०५० | १४०० |
| ९.३ | मोटरसाईकल,साईकल,टायर रिपियर | १७५ | ४२० | ६३० | ८४० | १०५० |
| ९.४ | साना तथा मझौला उद्योग | ३५० | ७०० | १०५० | १४०० | १७५० |
| १० | ह्याचरी उद्योग | ३५० | ७०० | १४०० | २१०० | ३५०० |
| ११ | **मासु पसल** | | | | | |
| ११.१ | मासु पसल (कुखुरा) | १४० | २८० | ३५० | ४२० | ४९० |
| ११.२ | मासु पसल (कुखुरा,खसी र अन्य) | २१० | ३५० | ४९० | ५६० | ७०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | **दुग्ध र दुग्धजन्य पदार्थ पसल** | | | | | |
| १२.१ | दुध डेरी | ७० | १४० | २१० | २८० | ३५० |
| १२.२ | मिठाई पसल | २१० | ३५० | ४९० | ५६० | ७०० |

## अनुसुचि - १६
## दहत्तर बहत्तर विक्रि( सार्वजनिक तथा ऐलानी जग्गा भएको)

- EIA / IEE बमोजिम स्लेट,ढुङ्गा,गिट्टी, बालुवा, माटोजन्य पदार्थ विक्रि मूल्य : रु. ४ (मु.अ.कर बाहेक) / घन मिटर र माटो उत्खनन् तथा विक्रिमा रु. २(मु.अ.कर बाहेक) / घन मिटर।
- दहत्तर बहत्तर विक्रि( सार्वजनिक तथा ऐलानी जग्गा भएको)

| क्र.स. | विवरण | रकम | | कैफियत |
|---|---|---|---|---|
| | | ईकाइ | दर | |
| १ | काठजन्य | प्रति क्यू फिट | ३००।- | |
| २ | गैर काठजन्य | प्रति क्यू फिट | ५०।- | |